# नेपाल सरकार

## प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

### शुभकामना सन्देश

आज असार १५ अर्थात् २० औं राष्ट्रिय धान दिवस। आजको 'दिनलाई मानो रोपेर मुरी उब्जाउने' महिनाको मध्ये दिनका रुपमा पनि हामी लिन्छौं। यस सन्दर्भमा सम्पूर्ण देशवासीका साथै बागमती प्रदेशवासी कृषक दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

कृषिका लागि प्रशस्त सम्भावना भएको देश नेपालमा धानलाई मुख्य खाद्य बालीका रुपमा लिइन्छ। राष्ट्रिय अर्थतन्त्रमा समेत धानको अत्यन्त महत्वपूर्ण योदान रहँदै आएको छ। वि.सं.२०२० को दशकसम्म नेपाल दक्षिण एसियामा सबैभन्दा बढी धान उत्पादन गर्ने देशका रुपमा परिचित रहेको थियो। तर, विगत केही वर्षयता नेपालमा धानको आपूर्ति व्यवस्थापन गर्न सक्ने अवस्था हुँदाहुँदै पनि आयात बढिरहेको तथ्याङ्क छ। खेतीयोग्य जमिन मासिँदै र बाँझिदै गएको छ,जसबाट कृषिमा परनिर्भरता बढेको छ। यस खालको अवस्था न्यूनीकरण गर्न धानको उत्पादन वृद्धि गर्नुपर्छ। बाँझो रहेको हाम्रो जमिनमा खेती गर्नका लागि अभियान नै चलाईनुपर्दछ। तराईका फाँटहरूमा धान उत्पादनलाई प्राथमिकता दिई किसानहरुलाई यसप्रति आकर्षित गराउँनुपर्दछ।

नेपालको संविधानमा खाद्यलाई नागरिकको मौलिक हकका रुपमा व्यवस्था गरिएको छ। नागरिकको यो हक सफलतापूर्वक कार्यान्वयन गर्न सरकारले दिगो खाद्य सुरक्षा कायम गर्ने विषयलाई प्राथमिकता राखी कार्यान्वयन गर्नुपर्छ। धानको पकेट क्षेत्र नै मानिएको नेपालमा प्रशस्त सिँचाई सुविधा विस्तार, धान बालीको अनुसन्धान र विकास, समयमै, बीऊ तथा मलको उपलब्धता, किसानलाई आधुनिक प्रविधिबारे ज्ञान तथा शीप प्रदान गर्ने काममा तीनै तहका सरकार तथा यससंग सम्बन्धित सरोकारवालाको ध्यान जानुपर्दछ। आजको दिनमा देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउँन हामी सबैलाई यो दिवसबाट प्रेरणा मिलोस् भन्दै पुनःएक पटक राष्ट्रिय धान दिवसको शुभकामना व्यक्त गर्दछु।

**२०८० असार १५ गते शुक्रवार।**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**